आज मिति २०८१।०१।०३ गते (ने.स. ११४४ चौलाथ्व ७) सोमबारका दिन विहान १०:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को १६ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | — |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | — |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्याम पुर्जा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

अन्य उपस्थिति :

१) रमेश थापा , सू.प्र.अ.

२) प्रेम पराजुली वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय म्याग्दी

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

<u>मिति २०८१।०१।०३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू</u>

प्रस्ताव नं १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं २ अनुगमन समितिको चैत्र महिनाको प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं ३ बजार अनुगमन प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं ४ पर्यटन वोर्डबाट खोपारामा पूर्वाधार निर्माणका लागि प्राप्त बजेटमा साझेदारी तथा कार्यान्वयन सम्बन्धमा,

प्रस्ताव नं ५ सार्वजनिक निजी साझेदारी प्रारुपमा सञ्चालन गर्ने (कार्यपालिकाले पहिचान गर्नुपर्ने) आयोजना सम्बन्धमा

प्रस्ताव नं ६ प्रशासकीय भवनका लागि जग्गा व्यवस्था सम्बन्धमा,

प्रस्ताव नं ७ कार्यविधिहरु संशोधन सम्बन्धमा,

- -उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (वर्ग संशोधन गर्नुपर्ने)
- -असक्त असहाय विपन्न सहायता कोष सञ्चालन कार्यविधि (आर्थिक सहायताको रकम पुनरावलोकन गर्नुपर्ने)
- -एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि (भाडादर पुनरावलोकन गर्नुपर्ने)
- -विपद् कोष व्यवस्थापन कार्यविधि (विपद् पीडितलाई दिइने सहयोग राहत रकम पुनरावलोकन गर्नुपर्ने)
- -कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि (बैठक सञ्चालन हुने स्थानको विषयका छलफल गर्नुपर्ने)

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

**निर्णय नं. १**

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

क) विद्युत मिटरबक्स राख्न बाँकी सबै वडा कार्यालय, स्वास्थ्य चौकी, आयूर्वेद कार्यालयहरुमा विद्युत मिटरबक्स राख्ने ।

ख) आय ठेक्का लाग्ने ठाउँहरुमा गाउँपालिकाको नाममा विद्युत मिटरबक्स राख्ने ।

ग) वडा नं. ७ टिकोटमा पूर्ववत रुपमा विनियोजित बजेट प्रयोग हुने गरी सार्वजनिक जग्गामा म्यूजिम निर्माण गर्ने ।

घ) वडा नं २ मा रहेको भुरुङ्ग तातोपानी कुण्डमा पूर्वाधार निर्माणका लागि जग्गा प्राप्ती गर्ने सम्बन्धमा जग्गाधनी सहितको संयूक्त बैठक बसी छलफल गर्ने।

**निर्णय नं. २ः**

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको चैत्र महिनामा सम्पन्न भएको र निर्माणाधीन तपसिल बमोजिमका आयोजना अनुगमन गरिएको उपाध्यक्ष दिवा कुमारी तिलिजा पुन ज्यू मार्फत जानकारी प्राप्त भयो । अनुगमन समितिको सिफारीस अनुसार हालसम्म भुक्तानी भएको सबै आयोजनाको अनुमोदन गर्ने ।

| क्र.स. | योजनाको नाम | ठेगाना वडा नं. | बजेट |
|---|---|---|---|
| १ | तितरदेखि ठारा सम्म गोरेटोवाटो निर्माण | ३ | १५००००० |
| २ | चौतारादेखि कोटसम्म गोरेटोवाटो निर्माण | ३ | ५००००० |
| ३ | दुवारीखोला ढल निकास आयोजना | ३ | ७००००० |
| ४ | डुङडुङे देखि कामखोला सम्म गोरेटोवाटो निर्माण | ३ | ७००००० |
| ५ | डाडागाउँ मोटरवाटो ढलान आयोजना | ३ | ४००००० |
| ६ | मालिका आमासमूह भवन निर्माण | ६ | ४००००० |
| ७ | भूमे मन्दिर निर्माण | ६ | १००००० |
| ८ | नूनथला देखि हल्लेखर्क पोखरेवगर खानेपानी मर्मत | ६ | २००००० |
| ९ | पोखरेबगर देखि वैसरी सम्म पैदल वाटो मर्मत निर्माण | ६ | ३००००० |
| १० | मौरीकुना देखि साधीखोला सम्म मोटरवाटो स्तरोन्नती | ६ | २००००० |
| ११ | शिवालय सत्तल मर्मत | ६ | २००००० |

| | | | |
|---|---|---|---|
| १२ | नाका ओलिडाडाँ मोटरवाटो निर्माण | ६,७,८ | १२००००० |
| १३ | शौचालय निर्माण फलाटे | ५ | ५००००० |
| १४ | घोप्टेखर्क डिलवाट कोल्डस्टोर जाने मोटरवाटो निर्माण | ५ | ५००००० |
| १५ | दोविल्ला झोलुङ्गे पुल निर्माण | ८ | |
| १६ | विध्यालयका वालवालिकालाई ट्रेकसुट वितरण | ६ | ४००००० |
| १७ | घोरेपानी ढल व्यवस्थापन | ६ | २००००० |
| १८ | मालिका आमा समूह भवन निर्माण | ६ | ४००००० |
| १९ | नूनथला देखि मैदान सम्म पैदलवाटो निर्माण | | २००००० |
| २० | घार स्वास्थ्य चौकी जाने नाली निर्माण | ६ | ३५०००० |
| २१ | गाडपानी वराह मन्दिरमा सत्तल निर्माण | ६ | ३००००० |

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा बजार अनुगमन समितिको प्रतिवेदन उपर छलफल गरियो । गाउँपालिकाका वडा नं. १ दोवा, वडा नं ३ दाना, वडा नं ४ नारच्याङ , वडा न. ५ शिख, र वडा न. ६ को घार, घोडेपानी र पोखरेबगरको बजार अनुगमनबाट रु २६५,७१३।– ( रु दुई लाख पैसठ्ठी हजार सात सय तेह्र) को सामग्री जफत भएकाले सुरक्षित रुपमा नष्ट गर्ने ।

**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा पर्यटन वोर्ड पोखरा कार्यालयबाट च नं ग प्र का ८०।८१।१७, मिति २०८०।१०।२५ को पत्रबाट खोपारा र खयरतालमा पूर्वाधार निर्माणका लागि जम्मा बजेट रु २० लाख रहेको भनी लेखी आएकोमा हाल उक्त पत्रमा बजेट सुधार गरी ६५ लाख कायम भई आएको जानकारी भयो। सो बजेटमा गाउँपालिकाबाट न्यूनतम २० प्रतिशत साझेदारी गर्नुपर्ने प्रावधान रहेकोमा साझेदारी गर्नका लागि यस आर्थिक बर्षमा बजेट विनियोजन गर्न सक्ने अवस्था नरहेको साथै कार्यान्वयनका लागि पर्याप्त समय पनि बाँकी नरहेको हुँदा आगामी आ.व मा साझेदारी गरी सम्पन्न गर्ने। पर्यटन वोर्डबाट प्राप्त बजेट चालु आ.व बाट नै कार्यान्वयन गर्नका लागि आगमी आ.व को असोज मसान्तसम्म म्याद थप गरीदिन अनुरोध गर्ने।

**निर्णय न. ५ :**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा सार्वजनिक निजी साझेदारी ऐन २०७६ अनुसार सार्वजनिक निजी साझेदारी प्रारुपमा सञ्चालन गर्न हाललाई पाउद्वार तातोपानी कुण्डलाई छनोट गर्ने । सानिसा समितिको पूर्णता गराई विद्यमान कानूनी व्यवस्था अनुसारको आवश्यक तयारी गरी आगामी कार्यपालिका बैठकमा थप छलफल गरी आशयपत्र/ मनसायपत्र प्रस्ताव आह्वान गर्ने ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी, गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको कार्यालयको प्रशासकीय भवन निर्माणको लागि सूचना प्रकाशन गरी प्राप्त हुन आएका जग्गाहरु मध्ये धिरच्याङ्ग क्षेत्रका जग्गाहरु अमीनबाट नापजाँच गराउने साथै साँध सीमानामा रहेका उपयुक्त हुने अन्य सम्भावित जग्गाहरुको समेत खोजी गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने।

**निर्णय न. ७ :**

प्रस्ताव न. ७ उपर छलफल गर्दा तपसिलका कार्यविधिहरुमा निम्न बुँदाहरुमा संशोधन गरी राजपत्रमा प्रकाशन गर्ने ।

१) अन्नपुर्ण गाँउपालिका उद्योग व्यवसाय दर्ता, नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधी २०७५ को दफा ५ मा रहेको उधोग तथा व्यापार व्यवसायको वर्गीकरण सम्बन्धमा रहेको उपदफा २, ३, ४, ५, ६ लाई तपसिल बमोजिम संसोधन गर्ने ।

- दफा २) ईट्टा भट्टा, खनिज उत्खन्न वा प्रसोधन गर्ने उधोग क्रसर, मिनिरल वाटर उद्योग, अस्पताल, ३० बेड भन्दा माथिको क्षमता भएका ठुला होटलहरु वा यस्तै अन्य ठुलो प्रकृतिको उधोग आदी। **- क वर्ग**
- दफा ३) १५ देखी ३० सम्म बेड भएको आवसिय होटेल, ब्लक उद्योग, , फनिर्चर उद्योग, ग्रिल उद्योग, फार्मेसी, क्लिनिक, भेटेरिनरी, स्पा, मसाज सेन्टर, आदि । **- ख वर्ग**
- दफा ४) १५ बेड सम्म भएको आवसिय होटल, किराना पसल, मदिरा पसल, भाडा पसल, फेन्सी पसल, मोटर ग्यारेज, ईलेक्ट्रोनिक्स इलेक्ट्रिकल पसल, सुनचाँदी पसल । **- ग वर्ग**
- दफा ५ ) फ्रेस हाउस, खाजा घर, रेष्टुरेन्ट, तरकारी फलफूल पसल, बेकरी उद्योग, चिज फ्याक्ट्री, पोल्टी फर्म, कृषि/पशु फर्म, दाना पसलहरु, स्नुकर हाउस, कस्मेटिक पसल, जडिबुटी फर्म । **- घ वर्ग**
- दफा ६) टेलर, ट्युसन सेन्टर, सैलुन, आरन, कुटानी पिसानी मिल, पानी घट्ट, तेलानी मिल, र माथिको वर्गिकरणमा नपरेका व्यापार व्यवसाय गर्ने उधेश्यले सञ्चालित व्यवसाय आदी । **- ङ वर्ग**

२) असक्त असहाय विपन्न सहायता कोष सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद-२ को दफाहरुमा तपसिल बमोजिम संसोधन गर्ने ।

- दफा ३ को उपदफा १ मा रहेको 'आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) क्यान्सर तथा यस्तै प्रकृतिका रोगलाई बुझाउने पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन

दिन सक्नेछन ।' को सट्टा 'आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) क्यान्सर तथा अरुको सहायतामा दैनिक जिवन यापन गर्ने मानसिक रोगी वा यस्तै प्रकृतिका रोगलाई बुझाउने पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।' राख्ने ।

- दफा ३ को उपदफा २ मा ' उपनियम (१) बमोजिम प्राप्त निवेदन माथि समितिले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी बढीमा रकम रू.३०,०००।— (तीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।' को सट्टामा ' उपनियम (१) बमोजिम प्राप्त निवेदनमा विरामीको अवस्था हेरी बढीमा रकम रू.३०,०००।— (तीस हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।' राख्ने ।

- दफा ४ को उपदफा १ मा रहेको ' यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न समितिको निर्णयानुसार रकम रू.५०००।— (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ' सट्टामा ' यौन हिंसा, घरेलु हिसांबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न समितिको निर्णयानुसार रकम रू.१००००।— (दस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।' राख्ने ।

- दफा ५ को उपदफा १मा रहेको ' रू.५,०००।— (पाँच हजार)' को सट्टा ' रू.१०,०००।— (दस हजार)' राख्ने ।

- दफा ६ मा रहेको ' रू.२०००।— (दुइ हजार)' को सट्टामा ' रु ५,०००/-' राख्ने ।

- दफा ७ को उपदफा १ मा रहेको 'कार्यपालिकाले मनासिव ठहराएमा एकमुष्ट रुपमा रकम रु.८०००।— (आठ हजार) ' को सट्टामा 'समितिले मनासिव ठहराएमा रु १५,०००।—( पन्ध्र हजार)' राख्ने ।

- दफा ८ मा रहेको 'रु ६०००।— (छ हजार)' को सट्टा ' रु १५,०००।— (पन्ध्र हजार)' राख्ने ।

- दफा ९ लाई व्यवस्थालाई हटाउने ।

३) अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स सञ्चालन एवम् व्यवस्थापन कार्यविधी , २०७५ मा रहेको अनुसूची-१ अनुसारको भाडादरलाई नयाँ भाडादर राखेर संशोधन गर्ने ।

| सि न | स्थान | भाडादर रकम रु | नयाँ भाडादर रकम रु |
|---|---|---|---|
| १ | पोखरेबगर- काभ्रे | ९०० | ९०० |
| २ | पोखरेबगर- तितर | ७०० | ७०० |
| ३ | पोखरेबगर- दाना | ५०० | ५०० |
| ४ | पोखरेबगर- नारच्याङ | ५०० | ५०० |

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ५ | पोखरेबगर- तातोपानी | २०० | २०० |
| ६ | पोखरेबगर- भूरुङ | ५०० | ६०० |
| ७ | पोखरेबगर- बेनी | १८०० | १५०० |
| ८ | पोखरेबगर- बाग्लुङ | २५०० | २००० |
| ९ | पोखरेबगर- पोखरा | ४००० | ४००० |
| १० | पोखरेबगर- दोबा | ९०० | ८०० |
| | पोखरेवगर-औला-माराका | | ५०० |
| ११ | पोखरेबगर- बिरौटा | १३०० | ५०० |
| १२ | पोखरेबगर- घार | १८०० | ८०० |
| १३ | पोखरेबगर- शिख | २२०० | १२०० |
| १४ | पोखरेबगर- घराम्दी | २००० | १२०० |
| १५ | पोखरेबगर- हिस्तान | २३०० | १२०० |
| १६ | पोखरेबगर- राम्चे | ३२०० | २००० |
| १७ | पोखरेबगर- काफलडाडा | ३००० | १८०० |
| १८ | पोखरेबगर- रिम | २००० | १२०० |
| १९ | पोखरेबगर- नागी | ३५०० | २४०० |
| २० | पोखरेबगर- पाउद्धार | १८०० | १००० |
| २१ | पोखरेबगर- दोसल्ले | ५०० | ६०० |
| २२ | बेनी-पोखरा | २२०० | २२०० |
| २३ | पोखरेबगर खिवाङ | २००० | १००० |
| २४ | पोखरेबगर चित्रे | २५०० | १४०० |
| २५ | पोखरेबगर औल | २००० | १००० |

४) अन्नपूर्ण गाउँपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४ को परिच्छेद-७ सात मा रहेको आपतकालिन उद्धार तथा राहत वितरण मा तपसिल बमोजिम संसोधन गर्ने ।

- (क) मा रहेको 'प्रति मृतक रु. १५००० ' सट्टामा 'प्रति मृतक रु. ३०००० ' र 'गम्भिर घाईते भएमा प्रतिब्यक्ति राहत स्वरुप रु. १००००' को सट्टामा ' गम्भिर घाईते भएमा प्रतिब्यक्ति राहत स्वरुप रु. १५०००' राख्ने ।

- (ख) मा रहेको 'कच्ची घर आंशिक क्षतिका लागि रु.३००००/-' सट्टामा "कच्ची घर आंशिक क्षतिका लागि रु.२५०००/-' राख्ने साथै 'आरसीसी पक्की घर सामान्य क्षतिका लागि रु.१५०००/- र कच्ची घर सामान्य क्षतिका लागि रु.१००००/-' हटाउने ।

- (ग) मा रहेको ' भैसी/राँगा प्रति गोटा(मृत्यु भएमा) रु. ५०००/-' सट्टा ' भैसी/राँगा प्रति गोटा(मृत्यु भएमा) रु. ५०००/-', 'गाई/गोरु प्रति गोटा(मृत्यु भएमा) रु. ३०००/-' को सट्टा ' गाई/गोरु प्रति

गोटा(मृत्यु भएमा) रु. १५००/-', ' घोडा/खच्चर प्रति गोटा(मृत्यु भएमा) रु. ५०००/-' को सट्टा ' घोडा/खच्चर प्रति गोटा(मृत्यु भएमा) रु. १००००/-', ' भेडा/बाख्रा (न्यूनतम ५ संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. १०००/-' को सट्टा ' भेडा/बाख्रा (न्यूनतम ५ संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. १५००/-', ' कुखुरा/हाँस (न्यूनतम १०० संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. ३००।-' को सट्टा ' कुखुरा/हाँस (न्यूनतम १०० संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. १००।— व्यवसाय दर्ता गरेको हकमा मात्र ', ' चौरी/याक प्रति गोटा(मृत्यु भएमा) रु. ६०००।— ' को सट्टामा ' चौरी/याक प्रति गोटा(मृत्यु भएमा) रु. ७०००।—' र ' सुँगुर/ बंगुर प्रति गोटा(मृत्यु भएमा) रु, ३०००।—' को सट्टामा 'सुँगुर/ बंगुर प्रति गोटा(मृत्यु भएमा) रु. १५००।—' राख्ने ।

५) गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ११ को उपदफा १ मा रहेको ' गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाको कार्यालयमा बस्नेछ ।' को सट्टामा ' गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाको अध्यक्षले तोकेको स्थानमा बस्नेछ ।' राख्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

भारत कुमार पुन
अध्यक्ष